नरैनापुर गाउँपालिका, बाँके

लुम्बिनी प्रदेश, नेपाल

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०८३/०८४

संयोजन/आर्थिक सहयोग

नरैनापुर गाउँपालिका सरकार, बाँके


9858031078
narainapurmun.gov.np
info@narainapurmun.gov.np

सहजिकरण/प्राविधिक सहकार्य

InnovationHub PVT. LTD.
Switching Ideas | Consulting | Collaboration

9858050007, 9803950007
ihubnepal.com.np
info@ihubnepal.com.np

नरैनापुर गाउँपालिका, बाँकेको नक्शा



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

विषयसूचिः

परिचय खण्ड

१. पृष्ठभूमि.....

२. अध्ययनको महत्त्व.....

३. लैससास परीक्षणको उदेश्यहरू.....

४. लैससास परीक्षणले समेटने क्षेत्रहरू.....

५. लैससास परीक्षणको विधि र तरिका.....

६. लैससास परीक्षणका सहभागीहरू.....

तथ्यांक प्रस्तुतीकरण खण्ड

७. तथ्यांक प्रस्तुतीकरण र ब्याख्या.....

विश्लेषण खण्ड

८. लैससास परीक्षण विश्लेषणका औजारहरू.....

९. तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण.....

मुख्यउपलब्धि

१० . परीक्षण विधिबाट देखिएको लैससासको अवस्था.....

१०.१. प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा.....

१०.२ लैससास परीक्षण नतिजाको माकुरे जालो.....

११. गाउँपालिकामा लैससासका सवल पक्ष र सूधार गर्नुपर्ने पक्षहरू.....

१२. लैससास विकास कार्ययोजना.....

निष्कर्ष.....

सुझाव.....

अनुसूचीहरू.....

अनुसूची १: कार्यशालाका सहभागिहरू.....

अनुसूची २: कार्यशालाका फोटोहरू.....

अनुसूची३: पुनरावलोकन गरेका कागजातको सूची तथा फोटोहरू.....

अनुसूची४: पालिकामा गरेको प्रस्तुतिकरण.....

अनुसूची५:१००सूचकले प्राप्त गरेका अंक.....

परिचय खण्ड

१.पृष्ठभूमि:

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी नेपालको संविधानको मौलिक हकमा समेत लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विषयलाई विशेष जोड दिएर सम्बोधन गरिएको छ । संविधानको भाग-३ मा रहेको मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ स्वतन्त्रताको हक, १८ ले समानताको हक, २४ ले छुवाछुत र भेदभाव विरूद्धको हक, ३८ ले महिलाको हक, ३९ ले बालबालिकाको हक, ४० ले दलितको हक, ४१ ले ज्येष्ठ नागरिकको हक, ४२ ले सामाजिक न्यायको हक र धारा ४३ सामाजिक सुरक्षाको हकलाई सम्बोधन गर्छ । यी सबैजसो धारामा गरिएका व्यवस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को सिद्धान्तलाई आत्मसाथ गरेको छ । जसमध्ये विशेषगरी लैससासलाई महिलाको हक, समानताको हक र स्थानीय सरकार सञ्चालन ऐनले नै मार्गनिर्देश गरेको देखिन्छ । महिलाको हक सम्बन्धि धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै संयन्त्रमा सहभागिता सम्बन्धी अधिकार, सम्पत्ति तथा पारिवारिक मामीला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिलाविरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र साँस्कृतिक रुपले पछाडि परेका समुदायसमेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहका सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी, वडा समितिको काम कर्तव्य र अधिकारमा तथ्याङ्क अद्यावधिक तथा संरक्षणअन्तर्गत खण्डिकृत तथ्याङ्क संकलन गर्ने, विकास कार्यअन्तर्गत बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनअन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिनुले लैससास प्रवर्द्धन गरिएको बुझिन्छ ।

समानताको हकअन्तर्गत सामाजिक र साँस्कृतिक रुपले पछाडि पारिएका समुदायसमेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानको विशेष प्रावधानहरुको थप व्यवस्था गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहका संरचनाहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्थाअनुसार स्थानीय तहका सरकारहरुले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र लैससास परीक्षण गरिसक्नुपर्छ । लैससास परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहको सरकारले एक कार्यदल गठन समेत गर्नुपर्छ । यसै सन्दर्भमा यस प्रावधानअनुसार स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेको महिला, दलित, जनजाति, तथा पिछडिएका वर्गहरुको विकासको लागि केही प्रयास पनि गरेका छन् । स्थानीय तहका सरकारले लैससासको क्षेत्रमा भएका प्रगतिलाई संस्थागत गर्न र यसलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउनको लागि तत्सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्न आवश्यक छ । साथै, स्थानीय तहले लैससासका क्षेत्रमा गरेको प्रयासलाई नियमित रुपमा परीक्षण गर्न जरुरी छ ।

२.अध्ययनको महत्त्व

नेपालको संविधानले नेपालमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधताबीचको एकता, सामाजिक-साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने प्रतिवद्धता जनाएको छ । साथै, संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ । संविधानले आत्मसाथ गरेको लैससास सम्बन्धी मुल्य र मान्यतालाई व्यवहारमा उतार्नको लागि सबै स्थानीय सरकारको भुमिका महत्वपुर्ण छ । यसको लागि स्थानीय सरकारले योजनाबद्ध तरिका काम गर्न जरुरी छ । स्थानीय सरकार नागरिकसंग प्रत्यक्ष सहभागितामा र नजिक भएर कार्य गर्न राज्यको एक अंग हो । यसको लागि स्थानीय सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा विगतमा गरेको कार्यहरुलाई फर्केर हेर्न जरुरी छ । अर्थात लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

परिक्षण गरी गर्नु जरुरी छ। यस परीक्षणले गाउँपालिका लैससासको विद्यमान अवस्थाको जानकारीका हुनुका साथै स्थानीय तहगत तथा मुलुकको समग्र लैससास सम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गर्दै नीतिगत पृष्ठपोषण लिन मार्गनिर्देश गर्छ। साथै परिक्षणले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न मद्दत पुग्छ।

३. लैससास परीक्षणको उद्देश्यहरू

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरू र विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका प्रमुख उद्देश्यहरू यस प्रकार छन् :

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समाबेशी गरी लैगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने।
- महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने।

४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू:

लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रभित्र विभिन्न २२ वटा उप विषयक्षेत्र र सोअन्तर्गत १०० वटा सूचक रहेका छन्। उक्त विषय क्षेत्रहरू र उप क्षेत्रहरू निम्नानुसार छन्।

मूल विषय	सहायक विषय
१. नीति कानुन तथा योजना	१.१ नीति कानुनमा समावेशिता, सहभागिता
	१.२ योजना तर्जुमा तथा कार्यान्वयन
	१.३ बजेट तर्जुमा तथा कार्यान्वयन
२. संस्थागत व्यवस्था	२.१ कर्मचारी पदाधीकारी प्रतिनिधीत्व २.२ कार्यप्रणाली समावेशी
	२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
	२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता
	२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन
३. मानव संसाधन तथा क्षमता विकास	मानव संसाधन तथा क्षमता विकास
	अनौपचारिक मूल्य, मान्यतार कुसंस्कारविरुद्ध जनचेतना
	कानूनी साक्षरता
	विपद् व्यवस्थापनमा समावेशिता
४. सेवा प्रवाह	४.१ पूर्वाधार विकास
	४.२ प्रजनन् स्वास्थ्य
	४. ३ शिक्षा कार्यक्रम
	४.४ खानेपानी तथा सरसफाई
	४.५ स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
५. सुशासन तथा उत्तरदायीत्व	५.१ सुशासन
	५.२ उत्तरदायीत्व र जवाफदेहिता

	५.३ सूचना तथा संचार
	५.४ अनुगमन तथा मूल्याङ्कन
	५.५ समन्वय तथा सम्बन्ध विस्तार

५. लैससास परीक्षणको विधि र तरिका

परीक्षणका लागि यस नरैनापुर गाउँपालिकासँग प्रारम्भिक समन्वय पश्चात पालिकामा आई लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख भएअनुसार ३ वटा चरण पार गरी कार्य सम्पन्न गरिएको छ। ती चरणहरुमा :

५.१ दस्तावेज समीक्षा

लैससास कार्यदलले गाउँपालिकाको दस्तावेजहरू (जस्तैः ऐन, कानुन, नीति, कार्यविधि, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक प्रतिवेदन, वार्षिक समीक्षा, पालिकाको प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदि) को लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरियो।

(क) गाउँपालिकाको योजनाअनुसार मिति २०८३ साल असोज महिनाको १९ गते नरैनापुर गाउँपालिकाको अध्यक्षज्यूको अध्यक्षतामा बैठक बसी लैससास परीक्षणको उद्देश्यको बारेमा छलफल गरियो। सोहि दिन दस्तावेज अध्ययन गर्न कार्यदल गठन गरियो।

(ख) उक्त कार्यदलले नरैनापुर गाउँपालिकाले तयार गरि कार्यान्वयनमा रहेका सम्पूर्ण लैङ्गिक सम्बन्धि नीति, नियम, दस्तावेज, कार्ययोजनाको विस्तृत रुपमा अध्ययन गरेको थियो।

(ग) लैससास परीक्षणको लागि नरैनापुर गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा प्रतिनिधिलगायतका व्यक्तिहरू समावेश गरि जनालाई लैससास परीक्षणमा सहभागि गराइएको थियो।

(घ) लैससास परीक्षण मिति २०८३ साल असोज १९ गते नरैनापुर गाउँपालिकाको सभाहलमा सम्पन्न गरिने निर्णय गरियो।

५.२ लक्षित समूहका व्यक्तिहरू तथा सूचनाकार व्यक्तिहरुसँग अन्तर्वार्ता तथा छलफल

गाउँपालिकासँग सरोकार राख्ने समूहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समूहहरुको प्रतिनिधिहरू र उपभोक्ता समूह गरि दुई वटा लक्षित समूहसँग अन्तर्वार्ता तथा समूह छलफल गरियो।

५.३ कार्यशाला गोष्ठी सञ्चालन (सूचकहरुको लेखाजोखा)

कार्यशालाको विभिन्न विषयवस्तुमा केन्द्रीत भई सूचक तथा उपसूचकअनुसार अंकभार विश्लेषणका लागि नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेषण गरि गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी र सरोकारवालाहरू सबैको सहभागितामा उक्त सूचक र उपसूचकमा अंक दिने काम गरियो। सहभागितात्मक छलफलको आधारमा लैससास सूचक तथा उपसूचकहरुमा राम्रो देखिएमा १, मध्यम देखिएमा ० अंक दिने आधार बनाई ० र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा गाउँपालिकाको अवस्था विश्लेषण गरियो। विभिन्न विषयगत क्षेत्रहरु र सूचकहरूमा प्राप्त अंकहरूलाई माकुरीजालो विधिको प्रयोग गरी सहभागीहरू माझ प्रस्तुत गरियो। विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरु मध्ये राम्रा पक्षहरूलाई निरन्तरता दिने र कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा नगरपालिकालाई लैससासमैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार गरिएको छ।

६. तथ्याङ्क प्रस्तुतिकरण र व्याख्या

तथ्याङ्क प्रस्तुतिकरण खण्ड

मूल विषयका १०० वटा सूचकका आधारमा लैसासको वर्तमान अवस्थाको मापन गरिएको छ। मापन गर्दाको समयमा प्रत्येक सूचक उल्लेखित कुरा राम्रो देखिएमा १ अंक, मध्यम देखिएमा०.५ र सुधार गर्नुपर्ने वा सो विषय हुँदै नभएमा ० अंकहरू प्रदान गरिएको। ५ वटा मूल शीर्षक अन्तर्गत रहेका २२ वटा सहायक शीर्षकहरुमा प्राप्त अंकहरूलाई जोडि बार चार्ट तथा माकुरीजालोको चित्र बनाई सहभागीहरू माझ लैससासको अवस्था प्रस्तुत गरिएको। सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिँदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्य

योजना बनाई अगाडि बढाउन यो लैङ्गिक समानता र सामाजिक समाजेशीकरण परीक्षणले मद्धत पुर्याउने कुरालाई महत्वका साथ उल्लेख गरिएको छ।

७. लैससास परीक्षण विश्लेषणका औजारहरू

विश्लेषण खण्ड

नरैनापुर गाउँपालिकाको लैससास परीक्षणका क्रममा विश्लेषणका लागि प्रयोग गरिएका औजारहरु निम्न रहेका छन्।

(क) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदलको बैठक

(ख) पहिलो वर्षको दस्तावेजको समीक्षा

(ग) लक्षित समूहका जानकार व्यक्तिहरुसँग अन्तर्वार्ता तथा छलफल

(घ) सूचकहरुको लेखाजोखा कार्यशाला गोष्ठी (सवल पक्ष, सुधारात्मक, अवसर र चुनौति विश्लेषण)

(ङ) कार्ययोजना तयारी र कार्यान्वयन प्रतिवद्धता

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० भए बमोजिमको लैससास परीक्षण प्रयोग गरिएको र यो औजारमा उल्लेख भएका ५ विषयहरू

(१) स्थानीय सरकारको नीति, कानुन योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास

(२) संस्थागत व्यवस्था

(३) मानव संसाधन तथा क्षमता विकास

(४) क्षमता विकास (५) सुशासन तथा उत्तरदायित्व

८. परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा

नरैनापुर गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक परीक्षण गरिसके पछि प्रमुख ५ वटा मूल विषय र २२ वटा उपविषयका १०० वटा सूचकहरुले प्राप्त गरेको अंकलाई विश्लेषण गरि छलफल गरिएको थियो। यस आधारमा लैंगिक परीक्षणमा पालिकाको अवस्था यस प्रकार देखिएको छ।


९ मूल शीर्षकको प्राप्ताङ्क

क्र सं	मूल शिर्षक	पूर्णाङ्क	प्राप्ताङ्क	
१	**नीति, कानून, योजना**	२०	१९	९५%
२	**संस्थागतव्यवस्था**	२०	१४	७०%
३	**मानवसंसाधन तथा क्षमता विकास**	२०	१२	६०%
४	**सेवाप्रवाह**	२०	१५	७५%
५	**सुशासन तथाउत्तरदायित्व**	२०	१५	७५%
	जम्मा	१००	७५	


९.१ सहायक शीर्षकको प्राप्ताङ्क

क्र.सं.	मूल शीर्षक	पूर्णाङ्क	प्राप्ताङ्क	सहायक शीर्षक	पूर्णाङ्क	प्राप्ताङ्क
१	**नीति, कानून, योजना**	२०	१९	१. नीति र कानूनमा समावेशीता/सहभागिता	८	८
				२. योजना तर्जुमा तथा कार्यान्वयन	८	७
				३. बजेट तर्जुमा तथा कार्यान्वयन	४	४
२	**संस्थागत व्यवस्था**	२०	१४	४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व	४	३.५
				५. कार्यप्रणाली समावेशी	४	२.५
				६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व	४	३
				७. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता	४	२
				८. तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन	४	३
३	**मानव संसाधन तथा क्षमता विकास**	२०	१२	९. मानव संसाधन तथा क्षमता विकास	८	४
				१०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कारविरूद्ध जनचेतना	४	२
				११. कानूनी साक्षरता	४	२
				१२. विपद व्यवस्थापनमा समावेशिता	४	४
४	**सेवा प्रवाह**	२०	१५	१३. पूर्वाधार विकास	४	३.५
				१४. प्रजनन् स्वास्थ्य	४	३
				१५. शिक्षा कार्यक्रम	४	४
				१६. खानेपानी तथा सरसफाइ	४	२
				१७. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन	४	२.५
५	**सुशासन तथा उत्तरदायित्व**	२०	१५	१८. सुशासन	४	३.५
				१९. उत्तरदायित्व र जवाफदेहिता	४	२.५
				२०. सूचना तथासंचार	४	३.५
				२१. अनुगमन तथा मूल्याङ्कन	४	२
				२२. समन्वय र सम्बन्ध विस्तार	४	३.५
जम्मा		१००	७५	**जम्मा**	१००	७५


९.२ माकुरी जालो




९.३ स्तम्भ चित्र



९.४ सहायक शीर्षकबमोजिमको प्राप्ताङ्क



९.५ पाइचार्टमा मुख्य सुचकहरुको प्राप्ताङ्क



९.६ लैससास कार्यान्वयन तथा निर्देशक समितिले प्रमाणित गरेको विश्लेषण

क्र.सं	मूल विषय	सहायक विषय	अङ्क	सूचक नं	सूचक	सूचकको अङ्क	प्राप्ताङ्क
नीति, कानून, योजना २०							
नीति र कानूनमा समावेशिता/ सहभागिता							
१			८	१.१.१	स्थानीयतहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्य टोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागिता मूलक हुने गरे/नगरेको ।	०-१	१.
२				१.१.२	स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे/नगरेको ।	०-१	०.५
३				१.१.३	स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीयकानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भए/नभएको ।	०-१	१.
४				१.१.४	स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) ।	०-१	१.

५				१.१.५	स्थानीयतहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेको समुदाय अर्थात् लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न **पर्याप्त** प्रावधान व्यवस्था गरिएको छ/छैन ?	०-१	१.
६				१.१.६	संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदायमाथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको ?	०-१	१.
७				१.१.७	महिलार पुरूषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे / नरहेको (समुदायको प्रचलन विभेदकारी भए नभएको) ?	०-१	१.
८				१.१.८	स्थानीयतहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे/नरहेको ?	०-१	१.
योजना तर्जुमा तथा कार्यान्वयन							०.
९			८	१.२.१	आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापन योग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन ?	०-१	१.
१०				१.२.२	गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वाप्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत	०-१	१.

					छुट्याउने गरे/नगरेको?		
११				१.२.३	स्थानीय सरकारको योजना सूची लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरणमा पर्ने गरे/नगरेको (योजना तर्जुमागर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यकमहरुलाई समेटे नसमेटेको परीक्षण) ?	०-१	१.
१२				१.२.४	योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको ?	०-१	१.
१३				१.२.५	योजनातर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सोअनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको (तयारी प्रतिवेदन) ?	०-१	१.
१४				१.२.६	स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरि सोअनुसारको बजेट विनियोजन हुने गरे/नगरेको ?	०-१	१.
१५				१.२.७	स्थानीयतहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्नेगरी बने/नबनेको	०-१	१.

१६				१.२.८	स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिए/नदिएको ?	०-१	०.5
बजेट तर्जुमा तथाकार्यान्वयन							
१७			४	१.३.१	बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्गजन जाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिए/नगरिएको ?		१.
१८				१.३.२	स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको ?	०-१	१.
१९				१.३.३	परिक्षणपश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको ?	०-१	१.
२०				१.३.४	स्थानीयसरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयैमा खर्च गरिए/नगरिएको ? (बजेट तथा कार्यकमबीच भिडान)	०-१	१.
							१९
संस्थागत व्यवस्था २०							

कर्मचारी पदाधिकारी प्रतिनिधित्व							
२१			४	२.१.१	स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी।पदाधिकारी) महिलाहरूको समान रुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ?	०-१	०.५
२२				२.१.२	स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिङ्ग रसमुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरूको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ/छैन ?	०-१	१.
२३				२.१.३	स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्वन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्य टोली वा शाखा मार्फत दिने गरेको/नगरेको ?	०-१	०.५
२४				२.१.४	जनप्रतिनिधि तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको	०-१	१.
कार्यप्रणाली समावेशी							
२५			४	२.२.१	महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ?	०-१	१.

२६				२.२.२	स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको)	०-१	१.
२७				२.२.३	स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाब महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/छैन ?	०-१	०.
२८				२.२.४	योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र यस समितिले वडा तहमा योजाना सम्वन्धी छलफल समावेशी भए/नभएको, अनुगमन गरे/नगरेको ?	०-१	०.५
समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व							
२९			४	२.३.१	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेको ?	०-१	१.
३०				२.३.२	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले	०-१	१.

					छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढंगले भागलिन पाए/नपाएको ?		
३१				२.३.३	स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको ?	०-१	०.५
३२				२.३.४	स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे/नगरेको ?	०-१	०.५
वित्त व्यवस्थापन प्रणालीमा समावेशिता							
३३			४	२.४.१	स्थानीय तहमा महिला विकास, लैङ्गिक हिँसा विरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरिएको/नगरिएको ?	०-१	०
३४				२.४.२	के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकताअनुसार कार्यक्रम तर्जुमा गरिएको छ ?	०-१	०.५

३५				२.४.३	के स्थानीय सरकारमा लैङ्गिक डेस्कको विकासको र आवश्यक मानवीय श्रोतहरु लागि वजेटको व्यवस्था भएको छ ? सोअनुसार कार्यक्रमपहिचान गरिएको छ ?	०-१	१.
३६				२.४.४	स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने वा नदिने गरेको ।	०-१	०.
तथ्याङ्क सङकलन तथा व्यवस्थापन							
३७			४	२.५.१	के स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङ्ग, उमेर, जात, र आर्थिक स्थिति आदि) (गाउँ/नगर प्रोफाइल)	०-१	१.
३८				२.५.२	स्थानीय सरकारले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरेको/नगरेको (गाउँ/नगर प्रोफाइल)	०-१	१
३९				२.५.३	के स्थानीय सरकारले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ?	०-१	१.
४०				२.५.४	स्थानीयसरकारले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने गरे/नगरेको ?	०-१	१.
							१४.

मानव संसाधन तथा क्षमता विकास २०							
मानव संसाधन तथा क्षमता विकास							
४१			८	३.१.१	लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए / नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आए/नआएको ?	०-१	०.५
४२				३.१.२	स्थानीय सरकारका पदाधिकारी/कमर्चारीहरूले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसासम्बन्धी तालिम लिएका छन् वा छैनन् र तालिम कार्यकममा लक्षित समूह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो/थिएन ?	०-१	०.५
४३				३.१.३	तालिमका विषयवस्तुको प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ?	०-१	०.५
४४				३.१.४	महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन/छैनन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ/छैन ?	०-१	०.५
४५				३.१.५	के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन	०-१	०.५

					गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (विषयगत तालिमप्राप्त जनशक्ति संख्या)		
४६				३.१.६	के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइको व्यवस्था छ ?	०-१	०.
४७				३.१.७	महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए/नभएको (सञ्चालित तालिम कार्यकम संख्या र उपस्थिति)	०-१	०.५
४८				३.१.८	महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरूका बारेमा स्थानीय सरकारका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? (कार्यकम संख्या र उपस्थिति)	०-१	०.
अनौपचारिक मूल्य, मान्यता र कुसंस्कारविरूद्ध जनचेतना							
४९			४	३.२.१	महिलाविरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? (कार्यकम संख्या र उपस्थिति)	०-१	०.५
५०				३.२.२	लैङ्गिक हिँसारहित गाउँ/नगरपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसाविरुद्ध शुन्य सहिष्णुता अपनाएको छ ? (भएका घटना संख्या र लिइएका निर्णय)	०-१	०.
५१				३.२.३	स्थानीय सरकारले महिलाविरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू संचालन गर्ने गरेको छ ? (कार्यकम संख्या र	०-१	०.५

					उपस्थिति तथा निर्णय पुस्तिका)		
५२				३.२.४	के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरूसंचालन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति)	०-१	०.५
कानूनी साक्षरता							
५३			४	३.३.१	स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखीकरण गर्ने गरे / नगरेको ?	०-१	०.५
५४				३.३.२	स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृतलगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्वन्धमा समय-समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको ?	०-१	१

५५				३.३.३	के महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन् ? (जस्तैःकानूनी हक अधिकार, एकल महिला र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडीप्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण)	०-१	०.५
५६				३.३.४	महिलाहरूको लागि सञ्चालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तैः कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखनविरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिंसा विरूद्धका कार्यक्रम आदिबारे अनुशिक्षण र यसको असर)	०-१	१
विपद व्यवस्थापनमा समावेशिता							
५७			४	३.४.१	स्थानीय सरकारले विपद् व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श गरे/नगरेको र यस्ता दस्ताबेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग-अलग संरक्षणको प्रावधान रहे/नरहेको ?	०-१	१.
५८				३.४.२	स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन	०-१	१.

					कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे/नगरेको ?		
५९				३.४.३	समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरूलाई पहिलो प्राथमिकतामा राखि गर्ने गरे/नगरेको ?	०-१	१.
६०				३.४.४	विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथावञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे/नगरेको ?	०-१	१.
							१२
सुशासन तथा उत्तरदायित्व २०							
पूर्वाधार विकास							
६१			४	४.१.१	स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोइङ, डिजाइन, लगतअनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री /संबेदनशील संरंचनाको प्रावधान सहित हुने गरे/नगरेको ?	०-१	१.
६२				४.१.२	स्थानीयतहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ?	०-१	०.५

६३				४.१.३	स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन ?	०-१	१.
६४				४.१.४	स्थानीयतहले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिकउर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू रहे/नरहेको ?	०-१	१.
प्रजनन् स्वास्थ्य							
६५			४	४.२.१	गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्वन्धीनीति र कार्यक्रम समावेश भए/नभएको ?	०-१	१.
६६				४.२.२	स्थानीय तहको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सो को व्यवस्थापन गरिएको छ/छैन ?	०-१	०.५
६७				४.२.३	परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष	०-१	१.

					कार्यक्रमहरू संचालन गरिएका छन् ?		
६८				४.२.४	महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ?	०-१	०.५
शिक्षा कार्यक्रम							
६९			४	४.३.१	स्थानीय तहले आफ्नो पालिकाभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए/नमिलाएको ?	०-१	१.
७०				४.३.२	स्थानीय तहले आफ्नो पालिकाभित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायका सबै बालबालिकालाई दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्री तथा पोशाक उपलब्ध गराउन छात्रवृत्तिको व्यवस्था गरी निष्पक्षवितरण हुने प्रबन्ध मिलाए/नमिलाएको ?	०-१	१.
७१				४.३.३	निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भए/नभएका ? (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या)	०-१	१.
७२				४.३.४	विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय, किशोरी छात्राको लागी प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने	०-१	१.

					गरे/नगरेको ?		
खानेपानी तथा सरसफाई							
७३			४	४.४.१	गाउँपालिका/नगरपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र स्यानीटाइजरको उपयोग गर्ने प्रबन्ध भए/नभएको ?	०-१	१.
७४				४.४.२	स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसा मुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ?	०-१	०.५
७५				४.४.३	कुहिनेर नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबुद्धि कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ?	०-१	०.५
७६				४.४.४	महिलाहरू बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासे पानी संकलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ?	०-१	०.
स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन							

७७			४	४.५.१	स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्येक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ?	०-१	१.
७८				४.५.२	स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरे/नगरेको ? (कार्यकम संख्या र उपस्थिति)	०-१	१.
७९				४.५.३	ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको ? (मनोनयन, नियुक्ति वा गठन र तालिम)	०-१	०.५
८०				४.५.४	गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथ मूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ?	०-१	०.
							१५.
सुशासन तथा उत्तरदायित्व २०							
सुशासन							
८१			४	५.१.१	स्थानीयतहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिकातथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित	०-१	१.

					अधिकारीबाट निर्णयगरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको ?		
८२				५.१.२	स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवाप्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्तानीति कार्यान्वयनमा ल्याए/नल्याएको ?	०-१	१.
८३				५.१.३	महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरूका क्षेत्रमाकार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यकम संख्या र उपस्थिति)	०-१	१.
८४				५.१.४	संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयनगर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ?	०-१	०.५
उत्तरदायित्व र जवाफदेहिता							
८५			४	५.२.१	स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको ?	०-१	१.
८६				५.२.२	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण	०-१	०.५

					कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ?		
८७				५.२.३	स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यकम र सो कोकार्यान्वयका विषयमा आवाज उठ्ने गरे / नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे/नगरेको ?	०-१	०.५
८८				५.२.४	स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए/नल्याएको ?	०-१	०.५
सूचना तथा सञ्चार							
८९			४	५.३.१	स्थानीय सरकारले नियमित रुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे/नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाह पाउनेगरी सार्वजनिक गरे/नगरेको ?	०-१	१.
९०				५.३.२	स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेको ?	०-१	१.
९१				५.३.३	के स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा	०-१	०.५

					माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ?		
९२				५.३.४	के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतअन्य लक्षित समुहहरूको सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? (आधार तथ्याङ्कसँग समेत तुलना गर्न सकिने)	०-१	१.
अनुगमन तथा मूल्याङ्कन							
९३			४	५.४.१	के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ ?	०-१	०.५
९४				५.४.२	के स्थानीय सरकारले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ?	०-१	०.५
९५				५.४.३	के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेका छ ?	०-१	०.५

९६				५.४.४	के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ?	०-१	१.
समन्वय र सम्बन्धबिस्तार							
९७			४	५.५.१	स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरे/नगरेको ?	०-१	१.
९८				५.५.२	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल बनि कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरे/नगरेको ?	०-१	०.५
९९				५.५.३	लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरे/नगरेको ?	०-१	०.५
१००				५.५.४	महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानवअधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा	०-१	०.५

					रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ?		
							१५
जम्मा स्कोर (१०० पूर्णाङ्कमा)							७५

१०. नरैनापुर गाउँपालिकामा लैससासका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतिहरू (SWOT Analysis) विश्लेषण

लैससास परीक्षणका क्रममा नरैनापुर गाउँपालिकाको लैससास सम्बन्धी विद्यमान नीति, व्यवस्था, कार्यान्वयन र अभ्यासका सम्बन्धमा गरिएको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति सम्बन्धी विश्लेषणमा आएका बुँदा तथा सुझावहरू यहाँ प्रस्तुत गरिएको छ ।

१०.१ सूचकको बुँदागत अंकको आधारमा हलबाट राय लिएर सामूहिक रुपमा गरिएको विश्लेषण

मूल शीर्षक	सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति
नीति, कानुन तथा योजना	• नीति, कानुनमा समावेशिता र सहभागिता छ ।	• योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने । • बजेट तर्जुमा तथा कार्यान्वयनगर्नुपर्ने ।	• लैससासको नीति तथा कानुन स्वयं स्थानीय तहले बनाउने भएकाले आफ्नो भुगोल, लैङ्गिक, धार्मिक तथा साँस्कृतिक अवस्थाअनुसार बनाउन पाइने ।	• लैससास सम्बन्धि कानुनी व्यवस्था भए पनि महत्वको रुपमा ग्रहण नगरिनु ।
संस्थागत व्यवस्था	• तथ्याङ्क संकलन तथा व्यवस्थापनको सुरुवात । • शाखा तथा यसको जिम्मेवार व्यक्तिहरू हुनु ।	• कर्मचारी पदाधिकारीमा लैससासलाई ध्यान दिई प्रतिनिधित्व गराउनुपर्ने । • वित्त व्यवस्थापन प्रणालीमा समावेशिता हुनुपर्ने । • कार्यप्रणालीमा समावेशिता चाहिने ।	• स्थानीय तहमा भएको समावेशिताको सिद्धान्तले गर्दा काम गर्न सजिलो ।	• नरैनापुरमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिक योजना भए पनि संस्थागत गर्न समय लाग्ने ।
मानव संसाधन तथा क्षमता विकास	• न्यायपालिकाले सक्रियतापूर्वक काम गर्नु । • विपद् व्यवस्थापनमा समावेशि सहभागिता हुनु ।	• मानव संसाधन तथा क्षमता विकासमा ध्यान दिइनुपर्ने । • समुदायस्तरमा अनौपचारिक मूल्य मान्यता र	• स्थानीय तहमा आफैले नीति बनाउने र कार्यान्वयन पनि गर्ने हुँदा नीति बनाउन र कार्यान्वयन गर्न सजिलो हुने	• निर्वाचित पदाधिकारी, कर्मचारीलगायत सरोकारवालालाई कानुनी साक्षर बनाउन समय लाग्ने ।

	जस्तैः निःशुल्क एम्बुलेन्स सेवा।	कुसंस्कारविरुद्ध जनचेतना तथा कानुनी साक्षरता कार्यक्रमसञ्चाल न गर्नुपर्ने।	भएकाले प्रशासनिक कार्यमा नतिजा छिटो आउने।	
सेवा प्रवाह	• प्रजनन् स्वास्थ्य, खानेपानी तथा सरसफाईमा उल्लेख्य कार्य, सुत्केरी सहयोग र परामर्शको व्यवस्था। • लैससासले समेट्ने लक्षित नागरिकमा सामाजिक सुरक्षाको पहुँच हुनु। • महिला, बालबालिका, ज्येष्ट नागरिक र अपाङ्गतामैत्री कार्यालय व्यवस्थापन हुनु।	• स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा स्पष्ट योजना बनाउनुपर्ने। • पूर्वाधार विकासमा लैससासको दृष्टिकोणबाट कार्य सञ्चालनहुनुपर्ने।	• आवश्यकताको आधारमा सेवा प्रवाह गर्न सजिलो हुने। • सेवा प्रवाहलाई नयाँ प्रविधिमैत्री तरिकाबाट जानकारी प्रदान गर्न सकिने।	• बजेटको अभावमा कतिपय सेवाहरु समयमा नै प्रवाह गर्न नसकिने। • प्रविधिमैत्री मानव संसाधनको अभाव हुनु।
सुशासन तथा उत्तरदायित्व	• सुशासन, उत्तरदायित्व र जवाफदेहिताको लागि सुरुवात भएको। • गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई नागरिकसम्म जानकारी पुऱ्याउन सूचना प्रवाह गर्ने गरेको। • गाउँपालिकाको कामलाई सहज र प्रभावकारी बनाउन विभिन्न ऐन, कानुन र नीति, नियम र मापदण्ड तयार	• अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने। • सूचना तथा सञ्चारको कार्यलाई नयाँ प्रविधि र पहुँचयोग्य बनाउनुपर्ने। • प्रतिवेदनअनुसार अपुग ऐन, नीति, नियमलाई पूर्णता दिनुपर्ने।	• बढ्दो नयाँ प्रविधिको पहुँच र प्रयोगले सुशासन र उत्तरदायित्वको महत्व बुझाउन सजिलो।	• सामाजिक विकासलाई विकासको रुपमा ग्रहण नगरिनु र भौतिक विकास मात्रै प्राथमिकतामा पर्ने चलन।

	गरि कार्यान्वयनमा रहेको।			

१०.२ समूह कार्यबाट गरिएका विश्लेषण

क.नीति, कानुन तथा योजना

सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति
लैससासको दृष्टिले नीति, नियम, ऐन तयार गरिएमा कार्यसञ्चालन हुने सक्ने।	पूर्ण रुपमा ऐन, नियम, नियमावली तयार गर्नुपर्ने।	लैससासअन्तर्गत सबै समुदायमा समान लक्ष्य उद्देश्यबाट सहभागि बताउन सकिने।	ऐन, नियमतयार गर्न विज्ञको अभाव आवश्यकताको आधारमा नीति, नियम तयार गर्न नसकिएको।
योजना तर्जुमा आवश्यकताको आधारमा जनस्तरबाट योजना छनौट हुने गरेको।	वास्तविक आवश्यकता पहिचान नगरी पहुँचको आधारमा प्रयोग हुनेबाट वास्तविक आवश्यकतामा ध्यान दिनुपर्ने।	सबै जातजाति, महिला र पुरुषको सहभागि हुने सबैमा आवश्यकताको आधारमा योजना उपलब्ध हुन सक्ने।	सबैको पहुँच हुनेगरी जनस्तरमा छलफल नहुने नेतृत्वको स्वामित्वमा योजना विनियोजन हुने।
आवश्यकताको आधारमा योजना जनस्तरबाट छनौट गरिएको भएमा सबैको पहुँच हुने।	प्राथमिकताको आधारमा योजना छनौट हुने र सोहिअनुसार बजेट व्यवस्थापन गर्नुपर्ने।	योजना सम्पन्न गर्न आवश्यक बजेट, गुणस्तरीय योजना र जनसहभागिता।	योजना सम्पन्न गर्न प्रयाप्त बजेट विनियोजन नहुने समुदायमा राजनीतिक प्रभावले योजनालाई असर पार्ने।

ख. संस्थागत व्यवस्था

सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति
कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व भएको।	कर्मचारीहरुको रिक्त अवस्थाको व्यवस्थापन गर्नुपर्ने।	संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र सोहिअनुसार कर्मचारी व्यवस्थापन गर्ने।	सङ्घ र प्रदेशका कानुन स्थानीय आवश्यकता र अवस्थाअनुकुल नहुनु।
कार्यप्रणालीमा समावेशिता, महिला, बालबालिकाशाखा तथा कार्यविधि भएको। महिला समावेशी उपभोक्ता समिति गठन हुने गरेको।	वञ्चितिकरणमा परेकाहरुको पहिचान गरि समिति तथा उपसमितिमा समावेश गर्नुपर्ने।	लक्षित वर्गको लागि सेवा प्रवाह व्यवस्थापनमा विशेष ग्राहयता दिन सकिने। महिला तथा बञ्चितिकरणमा परेकाहरुको लागि सहभागितामूलक र रोजगारमूलक योजना निर्माण गर्न सकिने।	लैससासलाई ध्यान दिएर तयार गरिएका कानुन तथा कार्ययोजनाहरू नागरिकसम्म नपुग्नु।
वित्त व्यवस्थापन प्रणालीमा समावेशीता व्यवस्थापनका लागि कार्यविधि भएको लक्षित कार्यक्रममा वार्षिक बजेट विनियोजन भएको सफ्टवयरको व्यवस्था भएको।	कार्यविधिअनुसार कार्यान्वय गर्नुपर्ने लक्षित वर्गको लागि थप बजेट तथा समावेशी रुपले कार्यान्वयन गर्नुपर्ने।	सेवा प्रवाहमा सुधार तथा लक्षित वर्गलाई समावेश गर्न सकिने।	सामाजिक रितिरिवाज, भाषा र संस्कृति र प्रविधिबीच तालमेल हुन नसक्नु।

ग. मानव संसाधन तथा क्षमता विकास

सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति

लैससासमैत्री नीति तथा कार्यक्रम र बजेट विनियोजन भएको।	विभिन्न अध्ययन, अनुसन्धान तथा प्रतिवेदनबाट प्राप्त सुझावको आधारमा नीति, कार्यक्रम र बजेट विनियोजन गर्नुपर्ने।	लैङ्गिक विभेदको अन्त्य गरि क्षमता अभिवृद्धि र लैससासका सम्बन्धित लक्षित वर्गलाई मुलधारमा ल्याउन सकिने।	विनियोजित शीर्षकका बजेट तथा कार्यक्रमहरू लक्षित समुदायका वास्तविक नागरिकको जानकारीमा पुऱ्याउन।
दक्ष जनशक्ति मानवीय स्रोत भएको।	अभिमुखिकरण तथा समूहिक छलफल गरि फोकल पर्सन तोक्नुपर्ने।	स्पष्ट नीति तथा कार्यक्रम कार्यान्वयनमा सहज हुने।	विषयविज्ञको अभाव।
विपद् व्यवस्थापन कोष सक्रिय रुपम सञ्चालीत।	वञ्चितिकरणमा परेका समुदायको सक्रिय सहभागिता हुनुपर्ने।	लक्षित समुदायले लाभ लिने।	सक्रिय सहभागितामा बजेट अभाव।

घ. सेवा प्रवाह

सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति
संरचनाहरु मैत्रीपूर्ण।	स्तनपान कक्ष स्थापना गर्नुपर्ने।	सेवा प्रवाहमा सबैको पहुँच।	बजेट सिमितता।
खोप कार्यक्रम स्वास्थ्यका कार्यक्रम प्रभावकारी।	ग्रामीण महिला प्राविधिक उत्पादनमा लगानी गर्नुपर्ने।	स्वास्थ्यमा सुधार गर्ने।	महिला दक्ष प्राबिधिक जना शत्ती नहुनु
स्वरोजगारमूलक तालिम सञ्चालन हुने।	लैससास को हिसाबले सबैलाई समेट्नुपर्ने।	सीप मुलक तालीम सचालन गर्ने	समाबेशी हिसावले सबैले रोजगारी पाउन नसक्नु।

ङ. सुशासन तथा उत्तरदायित्व

सवल पक्ष	सुधार गर्नुपर्ने पक्ष	अवसर	चुनौति
वार्षिक नीति तथा कार्यक्रममा सुनिश्चिता।	चौमासिक, अर्धवार्षिक, वार्षिक समीक्षा गर्नुपर्ने।	दक्ष जनशत्ती परिचालन र आर्थिक उन्नति।	कार्यत्रःम तथ येजना समय सीमाभित्र कार्यान्वयन नहुने।
जनप्रतिनिधि र कर्मचारीका आचारसंहिता तयार।	आत्मसाथ सबैले गर्नुपर्ने।	कानुनी व्यवस्था।	पूर्ण कार्यान्वयनमा समस्या।
सूचना प्रवाह हुने।	स्थानीय भाषाको पहिचान गरी सञ्चार माध्यमबाट प्रशारण गरिनुपर्ने।	सूचना प्रविधिमा सहज पहुँच हुने।	एन नयमको बारेमा समुदायलाइ कम जानकारी हुनु
अनुगमन समिति।	सबै ठाउँमा स्थलगत रुपमा अनुगमन गर्नुपर्ने।	दिगोपना गुणस्तरीय सेवा दिन सकिने	बिभिन्ना जातजातीको समुदायले काममको अपन्त्व नदीनु

१२. लैससास विकास कार्ययोजना

मूल शीर्षक	सुधारको क्रियाकलाप	जिम्मेवारी			समयावधि	थप दायित्व पर्ने/नपर्ने
		पहल	निर्णय	कार्यान्वयन		
नीति, कानुन तथा योजना (२०)	• गाउँपालिकाको लैससास रणनीतिको आधारमा वार्षिक योजना बनाउने। • योजना तर्जुमालाई अपेक्षित समावेशीकरण बनाउने। • स्थानीयतहको नीति तथा कानूनको मस्यौदा तयार गर्नेकार्यदिशामालैससासको	सामाजिक विकास शाखा र महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखा	नरैनापुर गाउँपालिका, गाउँकार्यपालीका	सम्बन्धित सबै शाखा	आ.व. ०८४/८५ को बजेटमा समावेश गर्ने	नपर्ने
नीति, कानुनमा समावेशी सहभागिता (८)						
योजना तर्जुमा तथा कार्यान्वयन (८)						

बजेट तर्जुमा तथा कार्यान्वयन (४)	दृष्टिलेसम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससासदृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक बनाउने।					
संस्थागत व्यवस्था (२०) कर्मचारी पदाधिकारी प्रतिनिधित्व (४) कार्यप्रणालीमा समावेशिता (४) समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व (४) वित्त व्यवस्थापन प्रणालीमा समावेशिता (४) तथ्याङ्क संकलन तथा व्यवस्थापन (४)	• खण्डिकृत तथ्याङ्क विश्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने। • आवधिक तथा क्षेत्रगत योजना र लैससास नीतिअनुरुप वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने। • बजेट तयार गर्दा लैङ्गिक उत्तरदायी बजेट बनाउने र लक्षित वर्गलाई सम्बोधन गर्ने खालको बजेट तयार गर्ने। • स्थानीय सरकारमा विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा कर्मचारीसमेतलाई समावेश गरि सेवा प्रवाहको व्यवस्था गर्न नीतिगत व्यवस्था गर्ने। • कार्यालयमा हुनसक्ने सबै प्रकारका दुर्व्यवहार, भेदभाव, लैङ्गिक हिंसा नियन्त्रणको लागि स्थानीय सरकारबाट आचारसंहिता तयार गरि सो अनुसार कार्यान्वयन गर्ने। • स्थानीय सरकारले समावेशी सुचना प्रणाली र बजेटको व्यवस्थापन गर्नेतथा कम्प्युटरमा लेखा प्रणालीलाई समावेशी क्षेत्रमा भएको बजेट तथा खर्चको तथ्याङ्क व्यवस्थापन गर्ने। • स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका आधारभूत सूचना/तथ्यङ्क संकलन गरि	सामाजिक विकास शाखा र महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखा	नरैनापुर गाउँपालिका, गाउँकार्यपालिका	नरैनापुर गाउँपालिका, गाउँकार्यपालिका	आ.व. ०८४/८५	पर्ने

	बेरोजगारी तथा गरिवको पहिचान हुने खालका छुट्टाछुट्टै दस्तावेज र नक्शाङ्कन गर्नुपर्ने ।					
मानव संसाधन तथा क्षमता विकास (२०) मानव संसाधनको क्षमता विकास (८)	• लैससास सम्बन्धि क्षमता विकास कार्ययोजना तयार गरी छुट्टै शीर्षकमा बजेट विनियोजन गरि कार्यान्वयन गर्ने। • लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समूहहरुको क्षमता विकासको लागि छुट्टै कोष तथा बजेटको व्यवस्था गर्ने (जस्तै बाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृत्ति कोष, दलित उत्थान विकास कोष आदि) । उनीहरुको सक्रियतामा आवश्यकताअनुसार कार्यक्रम तर्जुमा गर्ने। • बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको बारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नम्बर ११४५, घरेलु हिंसा जस्ता विषयमा जानकारीहरू समुदायस्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न	सामाजिक विकास शाखा र महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखा	नरैनापुर गाउँपालिका, गाउँकार्यपालिका	सम्बन्धित सबै शाखा	आ.व. ०८४/८५ को बजेटमा समावेश गर्ने	पर्ने

अनौपचारिक मूल्य मान्यता र कुसंस्कारविरुद्ध जनचेतना (४) कानुनी साक्षरता (४) विपद् व्यवस्थापनमा समावेशिता (४)	स्थानीय संयन्त्र प्रयोग गरि लाभग्राहीहरुलाई सूचना प्रवाह गर्ने। ● गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरि तयार गरिएको कार्ययोजना तथा क्षमता विकास कार्ययोजना बनाई वार्षिक कार्यक्रममा समावेश गरि कार्यान्वयनमा ल्याउने। ● स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखाको व्यवस्थापन गरि सांगठिक संरचना व्यवस्थापन गर्ने। ● समाजमा रहेका सामाजिक हानिकारक प्रथा/प्रचलन हटाउनको लागि सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।					
सेवा प्रवाह (२०) पूर्वाधार विकास (४)	● लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्शाङ्कन तथा वार्षिक रुपमा अद्यावधिक गर्ने। ● बालबालिका, ज्येष्ठ नागरिक, महिला र अपाङ्गकतामैत्री	सामाजिक विकास शाखा र महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखा	नरैनापुर गाउँपालिका, गाउँकार्यपालिका	सम्बन्धित सबै शाखा	आर्थिक वर्ष ०८४/८५	पर्ने

प्रजनन् स्वास्थ्य (४) शिक्षा कार्यक्रम (४) खानेपानी तथा सरसफाई (४) स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन (४)	भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण गर्नको लागि गाउँपालिकाले मापदण्ड तयार गर्ने। • बालिका तथा वञ्चितिकरणमा परेका समुदायलाई शैक्षिक सहयोगको नीति लिने। • लैङ्गिक मैत्री स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै प्रभावकारी बनाउने। • स्थानीय तहले १ हजार ५ सय वर्गमिटरभन्दा बढि क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन सम्बन्धित नक्शा स्विकृति गर्दा लैससास मैत्रीको दृष्टिले उपयुक्त हुने मापदण्ड बनाई निर्देशन गर्ने। • स्थानीय तहका सबै सरकारी कार्यालयमा स्तनपान कक्ष सञ्चालनमा ल्याउने।					
सुशासन तथा उत्तरदायित्व (२०) सुशासन (४) उत्तरदायित्व र जवाफदेहिता (४) सूचना तथा सञ्चार (४) अनुगमन तथा मूल्याङ्कन (४) समन्वय र सम्बन्ध विस्तार (४)	• स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्जनिक परीक्षण, सामाजिक परीक्षण, लैससास परीक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने। • स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता स्विकृति गरि कार्यान्वयन गर्नुपर्ने। • स्थानीय सरकारले स्थानीय सञ्चार माध्यमबाट लैससास सम्बन्धी सूचना प्रवाह गरि नागरिकलाई सुसुचित हुने खालका क्रियाकलाप सञ्चालन गर्ने।	सामाजिक विकास शाखा, महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखार सूचना प्रविधि शाखा	नरैनापुर गाउँपालिका, गाउँकार्यपालिका	गाउँपालिका	आ.व. ०८४/८५	पर्ने

निश्कर्ष

लैससास परीक्षणका लागि तयार गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० बमोजिम नरैनापुर गाउँपालिकाको कार्यदलको सहजीकरण र सहयोगमा यो लैससास परीक्षण सम्पन्न भएको हो। लैससास परीक्षणबाट प्राप्त अंक मापनका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ । लैससास परीक्षणका क्रममा लैससास सम्बन्धी अवधारणागत बुझाइकोसमेत विकास भएको छ । सहभागितात्मक विधि र प्रकृयाका आधारका गरिएको यस परीक्षणले सबै सरोकारवालाहरुको सिफारिस तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहकार्यको विकास हुने छ । परीक्षण पश्चात लैससास विकासको लागि गाउँपालिकाका उपाध्यक्षज्यूले नयाँ संरचना भएको हुँदा धेरै गर्न बाँकी रहेका र विस्तारै यस क्षेत्रमा कार्य गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्नु भएको छ । यसको साथै गाउँपालिकामा **दोस्रो** पटक लैससास परीक्षण भएको हुँदा यसको महत्व तथा अवधारणाको बारेमा गाउँपालिकाले गहन तबरले बुझ्ने अवसर प्राप्त गरेको छ । लैससासमा गाउँपालिकाको अवस्था स्वलेखाजोखा अंकभार र सूचकहरुमार्फत् महसुसिकरण गर्न मद्दत पुगेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा वार्षिक कार्ययोजना बनाई आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नेगरि तयार पारिएको छ । यसै सन्दर्भमा सबै प्रकारका भेदभाव उन्मुलन महासन्धि, १९७९, दीगो विकास लक्ष्य (२०१६-२०३०), बेइजिङ्ग कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परीषद् प्रस्ताव नम्बर १३२५ र १८२० लगायतका अन्तरराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्ने मुख्य लक्ष्य र उद्देश्यका साथ बाँके जिल्लाको नरैनापुर गाउँपालिकाले लैससास परीक्षण गरि यो प्रतिवेदन कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

सुझाव

नरैनापुर गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा आएको अंकभार, सवल र सुधार गनुपर्ने पक्षहरुलाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनको लागि देहायबमोजिमका सुझाबहरु रहेका छन्:

(क) नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अंगिकार गरेका उद्देश्य प्राप्तिका लागि नीति, कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनुपर्ने।

(ख) संविधानमा समावेश भए बमोजिम लक्षित वर्गले अपेक्षा गरेबमोजिमको कार्ययोजना र बजेटको तर्जुमा गर्नुपर्ने।

(ग) लैंगिक तथा सामाजिक अवस्थाहरुको तथ्यांक संकलन, व्यवस्थापन, अभिलेखिकरण तथा अद्यावधिकरणलाई संस्थागत गर्नुपर्ने।

(घ) सामाजिक कुसंस्कार र कुरितीविरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।

(ङ) विपद् व्यवस्थापनमा समान सहभागिता गराउनुपर्ने।

(च) गाउँपालिकाले स्वरोजगार तथा आय आर्जन र कृषि उत्पादनको बजार व्यवस्थापनको कार्यमा जोड दिनुपर्ने।

(छ) एक वर्षको एक पटक सामाजिक परीक्षण गर्नुपर्ने।

(ज) जनप्रतिनिधिहरु जनताप्रति अझ बढि उत्तरदायी बनाउन सूचना प्रणालिलाई चुस्त दुरुस्त बनाउनुपर्ने।

(झ) लैससास विकासको लागि प्रत्येक वर्ष सभाबाट बजेट विनियोजित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक।

(ञ) आगामी वर्षको "लैससास" परीक्षण गर्दा यस वर्ष बनाइएको कार्ययोजनाको समीक्षा गरि कारणबस सम्पन्न गर्न नसकिएको कार्यक्रमहरुलाई अर्को वर्ष निरन्तरता दिनुपर्ने।

(ट) "लैससास" परीक्षणबाट आएका नतिजा र यसको महत्वको बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्नुपर्ने।

(ठ) लैससास परीक्षण कार्ययोजना कार्यान्वनयको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति र सम्बन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्ने।

अनुसूचिहरू

अनुसुची १

लैससास परिक्षण कार्यतालीका नरैनापुर गाउँपालिका मितिः २०८३ असोज १९ गते

समय	विषयवस्तुहरु	क्रियाकलापहरु	विधि/प्रकृया	जिम्मेवारी
१ ० : ० ० - ११:००	उद्घाटनसत्र	▪ आसनग्रहण ▪ स्वागतमन्तव्य ▪ परिचय र आचार संहिता सम्बन्धी जानकारी		परामर्शकर्ता
१ १ : ० ० - १२:३०	लैससास सम्बन्धीअवधारणा	- लैससास के, किन र राष्ट्रिय अन्तराष्ट्रिय प्रावधान	प्रस्तुती रछलफल	परामर्शकर्ता
१२:३०-१२::४५	चिया			परामर्शकर्ता
१२:४५-२.००	लैससास परिक्षणको अवधारणा	- लैससास परिक्षण के , किन, प्रकृया र सूचक	प्रस्तुती र छलफल	परामर्शकर्ता
२:००-३:३०	लैससास परिक्षणका सूचकहरु लेखाजोखा तथा मूल्याकन	लैससास परिक्षणका मूख्य सूचकतथा सहायक सूचकतथामूल्यांकनगर्ने प्रकृयामाअभ्यास	अभ्यास	परामर्शकर्ता
३:३० -५.:००	लैससास परिक्षणका मूल सुचक र सहायक सूचकहरु मूल्याकन प्रकृया	▪ माकुरी जालो र विश्लेषण बाट आएको नतिजाप्रस्तुत	प्रस्तुतिकरण र छलफल	सहभागि र परामर्शकर्ता
.५:००-५.:३०	समापनशत्र			परामर्शकर्ता

अनुसूचि-२

(लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण परीक्षण कार्यशालामा सहभागिहरू)





अनुसूचि- ३

(लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको समाचार सञ्चार माध्यमहरुमा)

GEDSI Audit in Narair

Khabarbajar



सामाजिक

नरैनापुरमा लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण परीक्षण

खबर बजार



Khabar Bajar
२० आश्विन २०८३, मंगलवार
Tuesday, October 6, 2026
खबर पाइने ठाउँ...

Official Website
APPS
Youtube
Facebook
X

सर्वसाधारणको लागि जनचेतनामूलक सन्देश
- सुरक्षित तथा सुलभ यातायात नियमन गरौं ।
- सडकमा सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- हेल्मेट र सीटबेल्टको अनिवार्य प्रयोग गरौं ।
- दुर्घटनाको नियन्त्रणका लागि संरचना निर्माण गरौं ।
- दोषी चालक, धुत्त, पूर्वचेत, लापरवाही हुने चालकलाई अनिवार्य दण्डित गरिने
- पूर्वाधार सेवा प्राप्ती नागरिक अधिकार ।
नरैनापुर गाउँपालिका
नरैनापुर, बर्दी,
सुदूरपश्चिम प्रदेश, नेपाल



नरैनापुरमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण

खबर बजार | २० आश्विन २०८३, मंगलवार १०:१२
2 Shares

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
कुशे गाउँपालिका
सदरमुकाम, अजरबोट,
कर्णाली प्रदेश, नेपाल

बाँके । बाँकेको नरैनापुर गाउँपालिकाले थालेको समावेशी र समतामूलक विकासको यात्रालाई निरन्तरता दिएको छ । समावेशी र समतामूलक विकासको लागि अपरिहार्य रहने कानुनी विधि र त्यसको कार्यान्वयनको सन्दर्भमा समीक्षा एवं कार्ययोजना तयार गर्नेतर्फ नरैनापुर लागिरहेको हो ।



लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धि रणनीतिक योजना तयार गरेको नरैनापुरले त्यसको परीक्षण गरेको छ । समावेशी तथा उत्तरदायी स्थानीय शासन सुदृढीकरणका लागि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको अवस्थाबारे आत्ममूल्याङ्कन आवश्यक रहेछ ।

नेपाल सरकारले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० बमोजिम गाउँपालिकाको आयोजना तथा इन्जोभेसन ग्रुप प्रा.लि.को सहजीकरणमा आयोजित कार्यशालामार्फत परीक्षणअन्तर्गत साङ्केतीकरण गरिएको हो ।















अनुसूचि- ४
कार्यशालाको माइन्युट

आज मिति २०८३/०६/१६ गते बाँके जिल्ल
को लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समा
तथा निर्देशन समितिको बैठक समिश्रित संयो
अध्यक्ष श्री इस्तियाक अहमद शाह ज्यूको संयोज
निर्णय गरियो ।

उपस्थिति

संयोजक श्री इस्तियाक अहमदशा
सदस्य श्री नवराज क्षत्री, उ
सदस्य श्री प्रेमचन्द मौर्य, स
सदस्य श्री अजयकुमार मिश्र, का
सदस्य श्री . जोर
सदस्य सचिव श्री कृष्णकुमारी च

प्रस्ताव :

(१) नौसखाय परीक्षण सम्बन्धमा ।
(२) विविध ।

निर्णय :

नि.नं.१ - प्रस्ताव नम्बर १ माथि
को नरैनापुर गाउँपालिकाको लैङ्गिक समा
समावेशीकरणको अवस्था परीक्षणको का
वर्षको अध्यावधिक गरी नतिजा तयार

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८२/ [illegible] का दिन यस नरैना
लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समा
कार्यान्वयन समितिको बैठक एवं गाउँपा
श्री जयन्तीदेवी शीवास्तवको अध्यक्षतामा
लैङ्गिक समानता, अपाङ्गता र सामाजिक स
कार्य सम्पन्न गरियो ।

उपस्थिति:

१. बैठकका श्री जयन्तीदेवी शीवास्त
२. श्री नवराज वली, प्रमुख
३. श्री कृष्णाकुमारी चन्द, महि
४. श्री प्रशासा अधिकारी, स
५. [illegible]
६. [illegible]
७. [illegible]
८. [illegible]
९. [illegible]
१०. [illegible]
११. [illegible]

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रविन श्रेष्ठ — इन्जिनियर
उमा चौधरी — लेखापाल
उर्मिला लामी — " —
मो. हनिफ खाँ — उच्चम
बालु पाण्डे — अमिन
ई. प्रदीप कुमार यादव — वरि
मन्सा राम पाल
इस्माइल शेख — का
दिनेश कुमार मौर्य — "
[illegible]
उमाकान्त खनाल — स.क.अ
मकबूल अहमद मुस्लिम — शाखा
चन्द्रप्रकाश शर्मा — सहजकर्ता
दीपेन्द्र औली — " — "



सहजिकरण/प्राविधिक सहकार्य

InnovationHub PVT. LTD.
Switching Ideas | Consulting | Collaboration

9858050007, 9803950007
ihubnepal.com.np
info@ihubnepal.com.np

.....

चन्द्रप्रसाद शर्मा
सहजकर्ता